नेपाल राष्ट्र बैंक
बैंकिङ कार्यालय
सरकारी लेखा फाँट

बालुवाटार, काठमाडौं
फोन नं. : ०१४४४१०५५
एक्सचेन्ज नम्बर : ०१४४१९८०४
/८०५/८०७/४४१०१५८/४४११२५०
(EXT : ३२४, ३३४)
E-mail : centacc@nrb.org.np
Web Site : www.nrb.org..np
पोष्ट बक्स : १०५५

स.का./परिपत्र/५/२०७६/७७

मितिः२०७७/०१/२१

सरकारी कारोबार गर्ने इजाजत प्राप्त "क" वर्गका वाणिज्य बैंकहरु ।

**विषय :सरकारी कारोवारको नियमित रिपोर्टिङ्ग सम्बन्धमा**

महाशय,

मिति २०७७/०१/०२ मा १० (दश) कार्यदिनको समयसीमा तोकी "सरकारी कारोबार निर्देशिका २०७६" बमोजिम सरकारी कारोबार गर्ने इजाजतप्राप्त सम्पूर्ण वाणिज्य बैंकहरुलाई हाल ती बैंकहरुमा सञ्चालनमा रहेका सरकारी खाताहरु अद्यावधिक गर्न तथा हालसम्म नखोलिएका खाताहरु खोल्न निर्देशन दिइसकिएकोमा उक्त समयावधीलाई थप गरी २०७७ बैशाख मसान्त भित्र सम्बन्धित निकायहरुको समन्वयमा सम्पूर्ण खाताहरु खोली / अद्यावधिक गरी २०७७ बैशाख मसान्तसम्मको कारोवारलाई साविकको ढाँचामा तथा २०७७ जेठ १ गते पश्चात हुने सरकारी कारोबारहरु उक्त निर्देशिकाले निर्दिष्ट गरेको नयाँ ढाँचा बमोजिम यस बैंकको बैंकिङ्ग कार्यालय तथा सम्बन्धित प्रदेशका लागि यस बैंकका तोकिएका कार्यालयहरुमा अनिवार्यरुपमा प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु / गराउनुहुन निर्णयानुसार अनुरोध गर्दछु ।

साथै, हाल ईमेल मार्फत यस बैंक समक्ष सरकारी कारोवारको नियमित प्रतिवेदन पेश गर्ने गरिएको तथा सोही प्रतिवेदनका आधारमा दैनिक हिसाब मिलान गरिने भएकोले त्यसरी पत्राचार गर्दा कतिपय अवस्थामा सम्बन्धित कर्मचारीहरुको व्यक्तिगत ईमेल मार्फत समेत प्रतिवेदन पेश गर्ने गरेकोमा अव उप्रान्त सरकारी कारोवार सम्बन्धी प्रतिवेदन पेश गर्न एउटा छुट्टै Email ID को व्यवस्था गरी सोही Email ID मार्फत मात्र पत्राचार गर्ने व्यवस्था गर्नु / गराउनुहुन समेत निर्णयानुसार अनुरोध गर्दछु ।

भवदीय,

(राम प्रसाद गौतम)
निर्देशक

वोधार्थः नेपाल बैंकर्स एसोशिएसन, थापाथली, काठमाण्डौं